# सर्वोच्च अदालतको आर्थिक वर्ष २०७९।०८० को

## वार्षिक प्रतिवेदनका सम्बन्धमा

## प्रेस विज्ञप्ति

**मितिः २०८०।११।०९**

नेपालको संविधानको धारा १३८ बमोजिम सर्वोच्च अदालतले प्रत्येक वर्ष आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने संवैधानिक व्यवस्थाअनुरूप सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूसमक्ष सर्वोच्च अदालतका सम्माननीय प्रधान न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठज्यूले सर्वोच्च अदालतको आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन मिति २०८०।११।०९ मा प्रस्तुत गर्नुभयो। प्रस्तुत प्रतिवेदनमा सर्वोच्च अदालतलगायत मातहत अदालत एवम् न्यायाधिकरणमा आर्थिक वर्ष २०७९/०८० मा भएका न्याय सम्पादन तथा अन्य व्यवस्थापकीय कार्यसम्बन्धी मुख्य मुख्य विवरण र न्यायपालिकाका समसामयिक चुनौती र न्यायपालिकाले राखेका अपेक्षासहितको प्रतिवेदनको सारसंक्षेप प्रस्तुत गरिएको छ।

- सर्वोच्च अदालत लगायत मातहत अदालत तथा न्यायाधिकरणहरूमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेको **१ लाख ५९ हजार ८ सय ५१** र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका **१ लाख ८० हजार १ सय ३९** गरी जम्मा **मुद्दा तथा रिटको** वार्षिक लगत **३ लाख ३९ हजार ९ सय ९०** कायम भएकोमा **१ लाख ८१ हजार ८ सय ४३** अर्थात् **५३.४८ प्रतिशत मुद्दा तथा रिट** फछ्र्यौट भई **१ लाख ५८ हजार १ सय ४७** बाँकी रहेको छ।
- सर्वोच्च अदालतमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेको **२९ हजार ६ सय ५४** र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका **९ हजार २ सय ७९** गरी जम्मा **मुद्दा तथा रिटको** लगत **३८ हजार ९ सय ३३** कायम भएकोमा सोमध्ये **११ हजार ७३** अर्थात् **२८.४४ प्रतिशत मुद्दा तथा रिट** फछ्र्यौट भई **२७ हजार ८ सय ६०** बाँकी रहेको छ।
- १८ वटा उच्च अदालत एवम् इजलासहरूमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेको **२५ हजार ८ सय ५४** थान र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका **३७ हजार** गरी **मुद्दा तथा रिटको** जम्मा लगत **६२ हजार ८ सय ५४** कायम भएकोमा **३८ हजार ८ सय ६८** अर्थात् ६१.८४ प्रतिशत **मुद्दा तथा रिट** फछ्र्यौट भई **२३ हजार ९ सय ८६** बाँकी रहेको छ।
- जिल्ला अदालतहरूमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेको **१ लाख २ हजार ३ सय ६९** र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका **१ लाख ३२ हजार ४ सय ६८** गरी **मुद्दा तथा रिटको** जम्मा लगत **२ लाख ३४ हजार ८ सय ३७** कायम भएकोमा **१ लाख ३० हजार ४ सय ७** अर्थात् **५५.५३ प्रतिशत मुद्दा तथा रिट** फछ्र्यौट भई **१ लाख ४ हजार ४ सय ३०** बाँकी रहेको छ।

- अन्य अदालत तथा न्यायाधिकरणहरूमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेको १ हजार ९ सय ७४ र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका १ हजार ३ सय ९२ गरी मुद्दाको जम्मा लगत ३ हजार ३ सय ६६ कायम भएकोमा **१ हजार ४ सय ९५** अर्थात् ४४.४१ **प्रतिशत मुद्दा तथा रिट** फछ्र्यौट भई **१ हजार ८ सय ७१** बाँकी रहेको छ।
- सबै अदालत तथा न्यायाधिकरणहरूमा **गत आर्थिक वर्षमा** निवेदन प्रतिवेदनसमेत गरी तीन लाख पच्चीस हजार सात सय दुई (३,२५,७०२) मुद्दाको वार्षिक लगत कायम भएकोमा **प्रतिवेदन वर्षमा** तीन लाख साठी हजार पाँच सय छयहत्तर (३,६०,५७६) लगत कायम भई **१०.७१ प्रतिशत लगत वृद्धि** भएको देखिन्छ। तीनै तहका अदालत तथा अन्य विशिष्टीकृत अदालत र न्यायाधिकरणहरूले मुद्दा तथा रिटतर्फ दुई लाख बिस हजार त्रियानब्बे (२,२०,०९३) थान मुद्दा फछ्र्यौट गर्ने वार्षिक लक्ष्य लिएकोमा एक लाख एकासी हजार आठ सय त्रिचालिस (१,८१,८४३) मुद्दा फर्छयौट गरी वार्षिक लक्ष्यको ८२.६२ प्रतिशत प्रगति हासिल भएको छ ।
- सर्वोच्च अदालतमा पुराना बक्यौता मुद्दालाई सम्बोधन गर्न गत आ.व. र यस आ.व.मासमेत प्रत्येक शुक्रबार कार्यालय समयको अतिरिक्त दुई घण्टा कार्यसम्पादन हुँदै आएको छ। अदालतहरूको निरन्तरको बढ्दो कार्यचाप र सोको कारण बढ्न गएको बक्यौता मुद्दा न्यूनीकरणको लागि रणनीतिक क्रियाकलापहरूको प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेलगायत अन्य विशेष रणनीति अख्तियार गर्नुपर्ने देखिन्छ ।
- कैदतर्फको लगत **१ लाख ५५ हजार ४४ वर्ष २ महिना २२ दिन** रहेकोमा सोमध्ये **४६ हजार १९ वर्ष २ महिना १९ दिन** अर्थात् २९.६८ प्रतिशत कैद असुल भई **१ लाख ९ हजार २५ वर्ष ३ दिन** कैद असुल हुन बाँकी रहेको छ। यस्तै सबै जिल्ला अदालतहरूले असुल गर्नुपर्ने जरिवानाको कुल लगत **रू. २१ अर्ब ७३ करोड ४० लाख २० हजार १ सय ६१** रहेकोमा सोमध्ये **रू. २ अर्ब ३३ करोड ५५ लाख ५७ हजार ४६** अर्थात् **१०.७५ प्रतिशत** असुल भई **रू.१९ अर्ब ३९ करोड ८४ लाख ६३ हजार १ सय १४** असुल हुन बाँकी रहेको छ। यसैगरी फैसला कार्यान्वयनका लागि जिल्ला अदालतहरूमा परेका निवेदनहरूको जम्मा लगत **५३ हजार ८६** रहेकोमा सोमध्ये **२३ हजार ८ सय ९३** अर्थात् **४५ प्रतिशत** फछ्र्यौट भई **२९ हजार १ सय ९३** बाँकी रहेको छ।
- यसवर्ष समग्र न्यायपालिकाको लागि चालुतर्फ रू. ५ अर्ब २७ करोड ९७ लाख ३१ हजार ८ सय २७ र पूँजिगततर्फ रू.२ अर्ब ५ करोड ६० लाख ९८ हजार ५ सय १४ गरी **जम्मा विनियोजित बजेट रु. ७ अर्ब ३३ करोड ५८ लाख ३० हजार ३ सय ४१** मध्ये चालुचर्फ रु ४ अर्ब ९८ करोड ८० लाख २० हजार ५ सय ४२ र पूँजिगततर्फ रू. १ अर्ब ७८ करोड ६७ लाख ६७ हजार १ सय २८ गरी **जम्मा रु. ६ अर्ब ७७ करोड ४७ लाख ८७ हजार ६ सय ७० अर्थात् ९२.३५%** निकासा भई खर्च भएको छ। न्यायपालिकाको रणनीतिक योजना कार्यान्वयनका लागि

योजनाले प्रक्षेपण गरेबमोजिमको बजेट उपलब्ध हुन सकेको छैन। बजेटको अभावमा न्यायिक सुधार प्रक्रिया प्रभावित हुन गई अपेक्षित रूपमा उपलब्धिहरू हासिल हुन सकिरहेको छैन। न्यायपालिकालाई प्राप्त संवैधानिक जिम्मेवारी प्रभावकारी रूपमा सम्पादन गर्न जनशक्ति व्यवस्थापन एवम् आवश्यक वित्तीय स्रोतको प्राप्ति र परिचालनमा स्वायत्तता प्राप्त हुनु आवश्यक देखिन्छ।

- मुद्दा प्रवाह व्यवस्थापनलाई सफ्टवेयर प्रणालीबाट सञ्चालन गरी न्यायिक प्रक्रियालाई पूर्वानुमानयोग्य, पारदर्शी एवम् सहभागितामूलक बनाउने उद्देश्यका साथ जिल्ला तथा उच्च अदालतहरूमा फरक मुद्दा व्यवस्थापन (Differentiated Case Management) पद्धति लागु गरिएको छ। सोही बमोजिम २०७७ साल साउनदेखि जिल्ला अदालत तथा भाद्रदेखि उच्च अदालतहरूमा फरक मुद्दा व्यवस्थापन पद्धति लागु गरिएको छ। यस पद्धति अन्तर्गत सरल, सामान्य र विशेष तीनवटा मार्गसमूहका मुद्दा क्रमशः ६ महिना, १२ महिना र १८ महिनाभित्र फछ्र्यौट गर्ने लक्ष्य निर्धारण गरिएको छ। फरक मुद्दा व्यवस्थापन पद्धतिको प्रभावकारी रुपमा कार्यान्वयनको लागि स्रोत साधनको व्यवस्थापनमा सम्बद्ध सरोकारवाला निकायहरूबाट आवश्यक सहयोग अपेक्षित रहेको मिति २०८०।०५।०७ गतेबाट सर्वोच्च अदालत तथा मिति २०८०।०९।०८ गतेबाट उच्च अदालतहरुमा पेशी तारेखको स्वचालित व्यवस्थापन प्रणाली शुरु भई कार्यान्वयनमा आएको छ।
- प्रतिवेदन वर्षमा न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाको चौंथो वर्ष व्यतित भएको छ। रणनीतिक योजनाले तय गरेबमोजिम मुद्दा व्यवस्थापनका सन्दर्भमा प्रतिवेदन वर्षमा विचाराधीन पुराना बक्यौता मुद्दा न्यूनीकरणलाई प्राथमिकता दिइएको छ। रणनीतिक योजनाले निर्धारण गरे अनुसारका कार्यक्रमहरू सञ्चालन गर्नको लागि प्रक्षेपण गरिएको बजेट उपलब्ध हुन सकेको छैन।
- सर्वोच्च अदालतका माननीय न्यायाधीश र मुख्य रजिस्ट्रारको आवासको लागि नेपाल सरकारको मिति २०७९।११।१९ को निर्णयबमोजिम ललितपुरको हरिहरभवनस्थित मन्त्री निवास परिसर सर्वोच्च अदालतलाई उपलब्ध भएको छ । उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगन्जको लागि जग्गा प्राप्त भएको छ । इलाम, ललितपुर, स्याङ्जा, रूकुमकोट, दार्चुला, मोरङ, सिराहा, नवलपुर, रूपन्देही, जाजरकोट र बर्दिया जिल्ला अदालत एवं फैसला कार्यान्वयन निर्देशनालय र अन्य न्यायाधिकरणहरूका लागि जग्गा प्राप्तिको प्रयास भइरहेको छ। सर्वोच्च अदालतको नयाँ भवन निर्माण कार्यको ४० प्रतिशत कार्य प्रगति भएको छ । त्यसैगरी, उदयपुर, पर्सा र भक्तपुर जिल्ला अदालतको निर्माण कार्य सम्पन्न भइसकेको छ। सुनसरी, मकवानपुर र बैतडी जिल्ला अदालतका भवनहरु करिब ५० प्रतिशत सम्पन्न भएको छ ।
- हाल देशभरका अदालतहरूमा ४० लाख ४२ हजार ३८६ थान मुद्दाका अभिलेख मिसिलहरू रहेका छन्। अभिलेख रहेका मिसिलको वैज्ञानिक ढङ्गले व्यवस्थापन गर्नको लागि अभिलेख व्यवस्थापनसम्बन्धी नयाँ सफ्टवेयर निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ। हालसम्म सबै अदालतहरूमा गरी करिब ५५ हजार

मिसिलको विद्युतीयप्रति तयार भइसकेको छ। यसका साथै अभिलेख संरक्षणको कार्यलाई प्रभावकारी बनाउन सबै अदालतहरूमा Fumigation Chamber राख्न आवश्यक देखिएको छ।

- न्यायमा पहुँच आयोगले विभिन्न वर्गका व्यक्तिहरूलाई लक्षित गरी उनीहरूको हक अधिकारको संरक्षणमा टेवा पुग्ने हिसाबले विषयगत अधिकारहरू उल्लेख गरिएका ब्रोसरहरू, मैथली भाषामा जानकारीमूलक पुस्तिका प्रकाशन एवम् वितरण, विभिन्न वर्ग र समुदायलाई लक्षित गरी न्यायमा पहुँच अभिवृद्धि गर्नेलगायतका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। मुद्दाका पक्षलाई पायक पर्ने अदालतबाट अनलाइन तारेख उपलब्ध गराउने, न्यायमा पहुँचसम्बन्धी फैसला तथा आदेशहरू website मा प्रविष्ट गर्ने, न्यायिक जनशक्तिलाई अभिमुखीकरण गर्ने, सेवाग्राहीलाई अदालतमा प्रवेश गर्ने विन्दुबाटै सहजीकरण गर्न दक्ष स्वयंसेवक र इन्टर्नहरू खटाउनेलगायतका कार्यहरू नियमित भइरहेका छन्।
- पीडितलाई अन्तरिम राहत तथा पुनर्स्थापनासहितको न्याय प्रदान गर्ने कानूनी व्यवस्थालाई न्याय प्रणालीको अभिन्न अङ्गको रूपमा स्वीकार गरेको सन्दर्भमा फौजदारी कसुर (पीडित राहत कोष) नियमावली, २०७७ जारी भई पीडित राहत कोष सञ्चालनमा आएको छ।
- न्यायाधीश तथा कर्मचारीहरूलाई आवश्यक तालिम कार्यक्रमहरूको पहिचानसहित तर्जुमा गरिएको न्यायिक जनशक्तिको क्षमता विकाससम्बन्धी उच्चस्तरीय तालिम नीतिअनुरूप तालिम कार्यक्रमहरूसमेत बजेटको कमीलगायतका कारण सञ्चालन हुन सकेको छैन। नेपाल सरकारलाई प्राप्त हुने वैदेशिक तथा स्वदेशी अध्ययन तथा तालिमको छात्रवृत्तिहरूमा समेत न्यायपालिकामा कार्यरत जनशक्तिलाई समानुपातिक रूपमा समावेश गरिएको देखिँदैन। यसर्थ आगामी दिनमा न्यायिक जनशक्तिको क्षमता विकासका लागि नेपाल सरकारका सम्बन्धित मन्त्रालय तथा राष्ट्रिय योजना आयोगलगायतका अन्य सम्बद्ध निकायहरूको आवश्यक सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ।
- मेलमिलाप हुन सक्ने प्रकृतिका मुद्दाहरूको अनुपातमा मेलमिलापकर्ताहरूको संख्या पनि न्यून रहेको र मेलमिलापकर्ताहरूको लागि दिइने न्यूनतम परिवहन पारिश्रमिक रकमसमेत भुक्तानी गर्न सकिएको छैन। मेलमिलापको लागि पठाइएको मुद्दा संख्या र मेलमिलाप प्रक्रियाबाट समाधान भएका मुद्दाको संख्या ज्यादै नै न्यून रहेको देखिएको छ। तसर्थ, मेलमिलाप प्रक्रियालाई थप प्रभावकारी बनाई विवादको दिगो समाधानका लागि उपयुक्त विधि र प्रक्रियासहित हालको मेलमिलाप पद्धतिमा पुनरावलोकन हुनुपर्ने अनुभूति भएको छ।
- बालबालिकाले गरेको कसुरजन्य कार्यको सुरू कारबाही, सुनुवाइ र किनारा गर्न हालसम्म छुट्टै बाल अदालतको स्थापना भएको छैन। कानूनको विवादमा परेका बालबालिकालाई न्याय निरूपणका क्रममा बाल सुधार गृहमा राख्नुपर्ने हुन्छ। बाल सुधार गृहहरूमा क्षमताभन्दा बढी बालबालिकाहरू राख्नुपर्ने हालको बाध्यतालाई निराकरण गर्न बालसुधार गृहहरूको तत्काल स्तरोन्नति तथा थप बाल सुधार गृहहरू निर्माणको

कार्य अगाडि बढाउन जरूरी देखिन्छ। यस कार्यमा नेपाल सरकारलगायत सम्बद्ध सरोकारवाला निकायहरूबाट सार्थक सहयोग र समन्वय हुनुपर्ने देखिन्छ ।

- विशिष्टीकृत अदालत तथा न्यायाधीकरणहरूको प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक भौतिक पूर्वाधारको व्यवस्था, स्थायी प्रकृतिको जनशक्ति व्यवस्थापनका लागि संगठन तथा व्यवस्थापन सर्भेक्षण, आवश्यक कार्यविधिको तर्जुमा, नियमित अनुगमन र सुपरिवेक्षणलगायतका अन्य पक्षहरूको यथोचित सम्बोधन गरी नेपाल सरकारलगायत सम्बन्धित निकायबाट आवश्यक समन्वय र सहयोगको अपेक्षा गरिएको छ ।
- न्यायपालिका सुधारका लागि आवश्यक बजेट उपलब्ध हुन नसकिरहेको सन्दर्भमा स्रोत साधनको व्यवस्थापन गर्न कोर्ट फी, दण्ड, जरिवाना, धरौटी वा जमानतको रकम फिर्ता गर्नेलगायतका न्यायसम्बन्धी आवश्यक कार्यहरू गर्न कोष स्थापना गर्ने उद्देश्यले जारी गरिएको न्यायिक कोष ऐन, २०४३ लागु गरी कोष सञ्चालनमा ल्याउन आवश्यक देखिन्छ ।

अन्त्यमा, न्यायपालिकाले सञ्चालन गरेका सुधारका कार्यक्रम र न्यायपालिकाप्रतिको आम अपेक्षाका सन्दर्भमा अनुभूत गरिएका उल्लिखित सरोकार, समस्या तथा चुनौतीहरू न्यायपालिकाको एक्लो प्रयासबाट मात्र सम्बोधन हुन सम्भव छैन । सम्बन्धित सबैको सहयोग, समन्वय र सकारात्मक सोचबाट मात्रै यी विषयहरूको सम्बोधन हुन सक्दछ भन्ने कुरामा न्यायपालिका दृढ विश्वास राख्दछ। न्याय व्यवस्थालाई प्रभावकारी बनाई न्यायपूर्ण समाजको निर्माण गर्नु राज्यको प्रमुख दायित्व हो। संविधान र प्रचलित कानूनबमोजिमको जिम्मेवारी सक्षमतापूर्वक निर्वाह गर्न न्यायपालिकाले लिएको अग्रसरता, अपेक्षा र सरोकारप्रति नेपाल सरकारलगायत सम्बन्धित सबै सरोकारवालाको सहयोग, सहकार्य र समन्वय थप प्रभावकारी हुनेमा सर्वोच्च अदालत विश्वस्त छ।

***सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन वेवसाइटमा राखिसकिएको हुँदा सो सम्बन्धी विस्तृत विवरण, supremecourt.gov.np मा हेर्न सकिनेछ।***

**धन्यवाद !**